# कोटीहोम अब २ साता मात्र



**आदर्श समाज**
पोखरा, १२ जेठ

पोखरामा जारी गण्डकी शतकुण्डीय गायत्री कोटीहोम विराट ज्ञानमहायज्ञमा उत्तरार्धतर्फ आउँदै गर्दा दानवीर र भक्तजनको उपस्थिति बढ्दै गएको आयोजकले जनाएको छ ।

मानवसेवा फाउण्डेशन आयोजनामा भएको कोटीहोममा प्रवचन, वक्तत्वकला, राष्ट्रिय भजन प्रतियोगिता भइरहँदा शत्कुण्डीय हवन, आध्यात्मिक अनुष्ठानहरूमा दर्शन गर्ने भक्तजनको भिड देखिने गरेको छ । कोटीहोममा देशविदेशबाट आगमन भएका साधु, सन्त, महन्तहरूले श्रुतिमधुर स्वरमा प्रवचन तथा सन्देश दिने गरेका छन् ।

सोमबार महायज्ञका संकल्पकर्ता बालयोगेश्वर विजय कृष्णमूर्तिजी महाराजको गाउँका जनप्रतिनिधि र महाराजले अध्ययन गरेको विद्यालयका व्यवस्थापन समितिका अध्यक्षको सहभागिताले महायज्ञमा ऊर्जा थपिएको थियो ।

कोटीहोममा उनको गाउँ गुल्मी धुर्कोट ५ का वडाध्यक्ष केशवराज भण्डारी, उनले अध्ययन गरेको विद्यालय हिमालय मावि का अध्यक्ष लोकहरि भण्डारी, कालिका भगवती मन्दिर संरक्षण समितिका अध्यक्ष युवराज भण्डारी, परमानन्द भण्डारी बहुमुखी क्याम्पसका प्रमुख ऋषिराम पाण्डेले कोटीहोम दर्शन गरेका थिए । आइतबारदेखि सुरु राष्ट्रव्यापी खुला वक्तृत्वकला प्रतियोगिताले पनि कोटीहोममा देशभरका विद्यालयबाट शिक्षक तथा विद्यार्थीहरूको पनि सहभागिता रहेको छ । प्रतियोगितामा राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा ख्यातिप्राप्त बाल प्रतिभाको प्रवचन र प्रतियोगिहरुको प्रस्तुतिले कोटीहोम विद्यार्थीहरुका लागि धर्म संस्कृति संस्कारको सिकाइको थलो बनेको छ । धार्मिक, सामाजिक र सांस्कृतिक दृष्टिले ऐतिहासिक बन्दै गएको कोटीहोममा देशभरबाट जनप्रतिनिधि, साधु-सन्त, समाजसेवी, विद्यार्थी र सर्वसाधारणको सहभागिता आयोजकलाई थप उत्साह थपेको महायज्ञ प्रचार प्रसार संयोजक लेखराज ढकालले जानकारी दिए । उनका अनुसार कोटीहोमको उत्तरार्धतर्फ आउँदै गर्दा जनप्रतिनिधिको सहभागितासँगै केही न केही दान गरेर जाने गरेका छन् ।

सोमबार कोटीहोममा बडिगाड गाउँपालिका अध्यक्ष गण्डकी थापाले आफ्नो व्यक्तिगत तर्फबाट कोटीहोम दर्शनसँगै २ लाख १ हजार सहयोग गरी दुई जना अनाथ बालबालिकाका लागि अभिभावक बनिन् । उनले कोटीहोम सिकाइको थलो भएको बताउँदै यस्तो पुण्य अवसर नछुटाउन सबैलाई आग्रह गरिन् ।

कोटीहोममा नेपाल सुनचाँदी रत्न तथा आभूषण व्यवसायी संघ पोखराबाट ५० हजार, पोखरा १४ का मीनबहादुर खत्री, राधिका खत्रीबाट ५१ हजार, नेपाल पूर्व प्रहरी संगठन पोखरा ७ बाट ५५ हजार, गीता थापाबाट ३० हजार, डा. कृष्णगोपाल पराजुली र विष्णुमाया पराजुलीबाट २५ हजार सहयोग प्राप्त भएको जनाइएको छ । कोटीहोममा अन्तर्राष्ट्रिय ख्यातिप्राप्त कथावाचिका देवी प्रतिभाले कथावाचन गरेकी छन् । २५ जनाको समूहका साथ पुन: पोखरा आएकी प्रतिभाले १६ जेठसम्म दिव्य प्रवचन दिने कार्यक्रम रहेको महायज्ञका सहनिर्देशक युवक लामिछानेले जानकारी दिए । १४ देखि २२ जेठसम्म भागवतमञ्जरी राधिका दासीले श्रीमद्भागवत कथा प्रवचन गर्ने कार्यक्रम छ । कोटीहोममा ४ सय बढी ब्रामणले दैनिक भगवानको नाममा आहुति अर्पण गरिरहेका छन् । कोटीहोम २६ जेठसम्म सञ्चालन हुनेछ ।

# नेप्से परिसूचक घट्यो

**काठमाडौं, १२ जेठ (रासस)-** नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सामान्य अङ्कको गिरावट देखिएको छ । सोमबार नेप्से परिसूचक पाँच दशमलव २१ अङ्कले घटेर दुई हजार ६७४ दशमलव ७६ को विन्दुमा कायम भएको हो ।सोमबार ३३७ कम्पनीको एक करोड ७१ लाख ६० हजार ६२५ कित्ता शेयर ६९ हजार ६५१ पटक खरिदबिक्री हुँदा रू सात अर्ब ५८ करोड ५० लाख २२ हजार बराबरको कारोबार भएको नेप्सेले जनाएको छ ।

## मालपोत कार्यालय कास्की पोखराबाट प्रकाशित भएको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

सूचना प्रकाशित मिति २०८२।०२।११

कास्की जिल्ला मौजे कृष्तीनाच्नेचौरका जि.मु. लछी पती चुवाई जिम्मा वाके डिल भन्ने पाखोबारी घरबारी ६ को बाँकी तिरो रु. ।४२ लागेको ९५ सालको मोठ द.नं. ७१४ भएको ११ सालको पाखो तर्फको मोठ लगत उतार बमोजिम सर्भे नापीका समयमा कृष्तीनाच्नेचौर वडा नं. ३ को कि.नं. १६३ क्षे.फ. ०-४-२-३ फिल्डबुकमा निवेदकका बाबा/ससुरा गुणाखर पौडेलका नाउँमा कायम भएको मिति २०३५ सालसम्मको तिरो तिरी आएको धु.सु. ७ नं. फाराममा गुणाखर पौडेल जैसीको नामबाट लगत दिएको गुणाखर पौडेलको मिति २०५५/१०/१७ मा मृत्यु भएको निजको श्रीमती छाली देवि पौडेलको मिति २०५९।०५।०५ मा मृत्यु भएको मृतक दम्पत्तिबाट ५ छोरा र ३ छोरीको जायजन्म भएकोमा छोरीहरुको विवाह भैसकेको ५ छोरामा जेठा छोरा ऋषिराम पौडेल माईलो छविलाल पौडेल काइला छोरा भिमलाल पौडेल र कान्छा रमाकान्त पौडेल को मृत्यु भैसकेको भनि वडा सिफारिस लगायतका कागजात बाट खुलि आएको जेठा छोरा ऋषिराम पौडेल, काइला छोरा भीमलाल पौडेलको श्रीमती शान्ता पौडेल र कान्छा छोरा रमाकान्त पौडेलको श्रीमती पदमा पौडेलले हकदावी नगर्ने सहमति मुचुल्का भएको भनि खुली आएकोले उक्त जग्गा साइलो छोरा भागीरथ पौडेल र माइलो छोरा छविलाल पौडेलको श्रीमती देवी माया पौडेलले हालसम्म अविछिन्न रुपमा भोगचलन गर्दै आएको उक्त जग्गा हाम्रो नाउँमा छुट जग्गा दर्ता नामसारी गरीपाउँ भनी कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. २१ बस्ने भागिरथ पौडेल र देविमाया पौडेलले यस कार्यालयमा संयुक्त माग निवेदन पेश गर्नुभएको हुँदा उक्त जग्गामा यस अघि कसैले कारवाही चलाएको भए वा निजहरुको माग बमोजिम छुट जग्गा दर्ता नामसारी गर्न नमिल्ने वा दर्ता हुन नपर्ने कुनै कारण भए वा तपशिलमा उल्लेखित जग्गामा अरु कसैको हक लाग्ने भए वा सरकारी सार्वजनिक पर्न गए यो सुचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र सबुद प्रमाण सहित दावी उजुरी गर्न आउनुहोला । अन्यथा कानुन बमोजिम भै जानेछ । पछि कसैको उजुर बाजुर लाग्ने छैन ।ला । अन्यथा कानुन बमोजिम भै जानेछ । पछि कसैको उजुर बाजुर लाग्ने छैन ।

**तपसिल:**

| जिल्ला | गाविस /नपा | वडा नं. | कित्ता नं. | क्षेत्रफल | विरह | किसिम | फिल्डबुकको व्यहोरा |
|---|---|---|---|---|---|---|---|
| कास्की | कृष्तीनाच्नेचौर | ३ | १६३ | ०-४-२-३ | घडेरी | सिम | गुणाखर पौडेल |

ईति संवत् २०८२ साल जेठ ११ गते रोज १ शुभम् ।

## मालपोत कार्यालय कास्की पोखराबाट प्रकाशित भएको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति: २०८२/०२/१२

कास्की जिल्ला मौजे कृष्ती मध्ये अर्को फुर्ले खोला गाउँको मु. बुद्धिरामको जोख बहादुर गुरुं जिम्मा ९५ सालको मोठ बमोजिम द्र.नं. २६ मा भद्र बहादुर खत्रीका नाउँमा हले १ दर्ताको तिरो रु. ३।७ पैसा लागेको जग्गामा २०२५ साल सम्मको तिरो मेरा ससुरा हर्क बहादुरबाट तिरेको भु.सु. ७ नं. फाराममा मेरा जेठाजु खड्क बहादुर खत्रीका नामबाट लगत दिएको सर्भे नापीमा साविक मट्टिखान वडा नं. १ को कि.नं. ४०३, ४१९ र ४३६ क्षे.फ. क्रमश: १-६-१-१, ०-१४-०-० र ०-५-१-२ भएका जग्गा काजीमान खत्रीको नाउँमा फिल्डबुकमा कायम भएको उक्त जग्गा नापजाँच गर्ने समयमा मेरा पति जग्गामा उपस्थित हुन नसकेको कारण उक्त मट्टीखान -१ को कि.नं. ४०३, ४१९ मा मेरा पतिको नाम भुलवस घर गाउँमा बोलाउने नाम काजीमान खत्री भनी र कित्ता नं. ४३६ मा काजी खत्री र मेरा ससुराको नाम कित्ता नं. ४०३, ४१९ मा बुद्धि बहादुर र कि.नं. ४३६ मा हर्क बहादुर उल्लेख गरी तत्कालीन अवस्थाका गाउँले भद्र भलाद्मीहरुले फिल्डबुकमा नाम उल्लेख गराई फिल्डबुक कायम भएको र पछि मेरा पतिले नागरिकता प्रमाणपत्र लिंदा आफ्नो वास्तविक नाम बाबुकाजी बराल र बाबुको नाम बुद्धिबहादुर बराल उल्लेख गरी नागरिकता प्रमाण पत्र लिनु भएको साथै सो समयमा गाउँघरको प्रचलन अनुसार हामीहरुको थर बराल भएतापनि खत्री भनि बोलाउने चलन भएका कारण फिल्डबुकमा थर बराल उल्लेख नभै खत्री लेखिन गै मेरा पतिको नाम उक्त जग्गाको फिल्डबुक महलमा काजीमान खत्री, काजी खत्री र ससुराको नाम बुद्धि बहादुर कि.नं. ४३६ मा हर्क बहादुर उल्लेख भै फिल्डबुक कायम भै फिल्डबुक महलमा फरक/फरक नाम थर उल्लेख भएता पनि मेरा पति बाबुकाजी बराल र ससुरा बुद्धि बहादुर बराल दुवै नाम गरेका व्यक्ति एउटै भएको भनी वडा सिफारिस लगायतका कागजातबाट खुली आएको, बाबुकाजी बरालको मिति २०८१/०३/०९ मा मृत्यु भएको मृतकको नजिकको हकदार एक मात्र श्रीमती गंगा देवी बराल रहेको निज गंगा देवी बराललेनै भोगचलन आमोदकमोद गरेको उक्त जग्गा मेरो नाउँमा छुट जग्गा दर्ता नामसारी गरीपाउँ भनी कास्की जिल्ला साविक पुम्दीभुम्दी-२ हाल पोखरा म.न.पा. वडा नं. २२ बस्ने गंगा देवी बरालले यस कार्यालयमा एकलौटी माग निवेदन पेश गर्नुभएको हुँदा उक्त जग्गामा यस अघि कसैले कारबाही चलाएको भए वा निजको माग बमोजिम छुट जग्गा दर्ता नामसारी गर्न नमिल्ने वा दर्ता हुन नपर्ने कुनै कारण भए वा तपशिलमा उल्लेखित जग्गामा अरु कसैको हक लाग्ने भए वा सरकारी सार्वजनिक पर्न गए यो सुचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र सबुद प्रमाण सहित दावी उजुरी गर्न आउनुहोला । अन्यथा कानुन बमोजिम भै जानेछ । पछि कसैको उजुर बाजुर लाग्ने छैन ।

**तपसिल:**

| जिल्ला | गाविस /नपा | वडा नं. | कित्ता नं. | क्षेत्रफल | विरह | किसिम | फिल्डबुकको व्यहोरा |
|---|---|---|---|---|---|---|---|
| कास्की | मट्टिखान | १ | ४०३ | १-६-१-१ | मकै | दोयम | काजीमान खत्री |
| | | | ४१९ | ०-१४-०-० | मकै | सिम | |
| | | | ४३६ | ०-५-१-२ | मकै | सिम | काजी खत्री |

ईति संवत २०८२ साल जेठ १२ गते रोज २ शुभम् ।

## संधियारालाई सूचना

कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं. २८ स्थित जायमुल टोलमा रहेको हालको सर्भे कित्ता नं. १६२७ क्षेत्रफल १७४.८७९२ रहेको श्री राधिका राई रानाको नाममा दर्ता तिरो हकभोगको जग्गा निजले नयाँ घर निर्माण गर्न स्वीकृत पाऊँ भनी यस कार्यालयमा निवेदन दिनुभएकोमा उक्त जग्गाको पूर्वतर्फ कि.नं. ३५१४, ३५१८ उत्तरतर्फ कि.नं. १६२६ र दक्षिणतर्फ कि.नं. १३५४, ३५१८ का जग्गाधनी नभेटिनु भएकोले यो सूचना जारी गरिएको छ । उक्त स्थानमा घर निर्माण गर्न स्वीकृत दिदा कोही कसैलाई बाधा, अड्चन पर्छ पर्दै न ? अरु कुनै कारण भए यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र लिखित उजुरी गर्न आउनु होला । अन्यथा नियमअनुसार नक्सा स्वीकृत प्रदान गरिने व्यहोरा जानकारी गराउँदछौं ।

**पोखरा महानगरपालिका वडा नं. २८ को कार्यालय**

## संधियारालाई सूचना

कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं. २६ रिठ्ठेपानीस्थित कि.नं. ३५९६, ३५८९ क्षेत्रफल ०-०-१-२, ०-४-२-० को आफै तिरो भरो हकभोगको जग्गामा नयाँ घर निर्माण गर्न स्वीकृत पाउँ भनी श्री लक्ष्मन मल्लले यस कार्यालयमा निवेदन दिनुभएकोमा उक्त जग्गाको दक्षिणतर्फको कि.नं. ३५८८ का जग्गाधनी नभेटिनु भएकोले यो सूचना जारी गरिएको छ । उक्त स्थानमा घर निर्माण गर्न स्वीकृत दिदा कोही कसैलाई बाधा, अड्चन पर्छ पर्दैन ? अरु कुनै कारण भए यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र लिखित उजुरी गर्न आउनु होला । अन्यथा नियमअनुसार नक्सा स्वीकृत प्रदान गरिने व्यहोरा जानकारी गराउँदछौं ।

**पोखरा महानगरपालिका वडा नं. २६ को कार्यालय**

# मानव सेवा आश्रमलाई सहयोग

**पोखरा, १२ जेठ (आदर्श समाज)-** पोखरा महानगरपालिका वडा ७ ले आफ्नो पदस्थापनाको अवसर पारेर हेमजास्थित मानव सेवा आश्रममा आर्थिक तथा खाद्य सामग्री सहयोग हस्तान्तरण गरेको छ ।

२०७९ जेठ १२ मा जनप्रतिनिधिले आफ्नो पदभार ग्रहण गरेको दिनको स्मरणमा आयोजित कार्यक्रममा आश्रमलाई ४० हजार रुपैयाँ बराबरको सहयोग गरिएको हो ।

सो अवसरमा वडाध्यक्ष राममोहन आचार्यसहित सम्पूर्ण वडा जनप्रतिनिधिको सहभागिता रहेको थियो। वडाध्यक्ष आचार्यले ३ वर्षदेखि भौतिक पूर्वाधार विकास मात्र नभई सामाजिक उत्तरदायित्व स्वरूप मानव सेवामा समेत ध्यान दिएको उल्लेख गर्दै २ वर्षयता मानव सेवा आश्रममा निरन्तर सहयोग गर्दै आएको जानकारी दिए । उनले भने, 'खाना र लुगाफाटाका साथै आवश्यक परेमा नाना उपलब्ध गराउँदै आश्रममा बसोबास गरिरहेका बेसहारा व्यक्तिहरुको जीवनमा केही सहजता ल्याउन सकिएको छ ।'

वडासचिव राजेन्द्र पौडेलले केवल खाद्यान्न मात्र नभई आत्मालाई शान्ति मिल्नेखालका कार्यमा सहयोग गरिनु विशेष महत्त्वपूर्ण रहेको बताए। उनले वडाले बेसहाराहरूलाई सम्मानजनक जीवनयापनमा मद्दत पुऱ्याएको भन्दै जनप्रतिनिधिको भूमिका प्रशंसनीय रहेको उल्लेख गरे । वडा समितिमा वडाध्यक्ष राममोहन आचार्यसहित सदस्यमा वसुन्धरा लामिछाने, विष्णुमणि बराल, सुनिता सुनार र अर्जुनबहादुर भुजेल थापा रहेका छन् ।

**सेप्टी टंकी तथा पानी टंकी सफा गर्नुपरेमा**
सम्पर्क
०६१-५९१६२१
९८०२८५९७७५
९७०८०८०३१०
९७०८०८०३२०

## धितोमा रहेको सम्पति लिलाम बिक्री सम्बन्धी १५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८२ साल जेठ महिना १३ गते मंगलबार)

यस विकास बैंकको शाखा कार्यालय नदिपुरबाट तपशिलमा उल्लेखित ऋणीले व्यावसायिक आवधिक कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमका बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र प्रकियाद्धारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो १५ (पन्ध्र) दिने सूचना प्रकाशित गरिएको छ। उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले १६ औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनको कार्यालय समय भित्र यस बैंकको शाखा कार्यालयहरुमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ ।

**तपशिल**

**ऋणीको विवरण**

नाम : **ॐ शिव शंकर सपिङ सेन्टर** प्रोप्राइटरको नाम : नृपेन्द्र कुमार श्रेष्ठ प्रा.फ.र.नं. : ३८८८/०६७/०६८
दर्ता गर्ने कार्यालय : वाणिज्य विभाग दर्ता मिति : २०६७/०६/०४
रजिष्टर्ड ठेगाना : कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. १४ स्थायी लेखा नं. : ३०४४३९६७८

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) मान बहादुर श्रेष्ठको नाति प्रेम बहादुर श्रेष्ठको छोरा कास्की जिल्ला पोखरा उ.म.न.पा वडा नं. १ हाल, पोखरा वडा नं. १४ बस्ने **नृपेन्द्र कुमार श्रेष्ठ** (ना.प्र.नं. : २९१२६ जारी मिति र जिल्ला : २०५१/०९/११, कास्की)

२) बखत बहादुर श्रेष्ठको नाति मान बहादुर श्रेष्ठको छोरा कास्की जिल्ला पोखरा लेखनाथ म.न.पा. वडा नं. १ हाल, पोखरा वडा नं. १४ बस्ने **प्रेम बहादुर श्रेष्ठ** (ना.प्र.नं. : ४६१००१/२४७४ जारी मिति र जिल्ला : २०६४/०९/२६,कास्की)

३) प्रेम बहादुर श्रेष्ठको बुहारी नृपेन्द्र कुमार श्रेष्ठको पत्नी कास्की जिल्ला पोखरा उ.म.न.पा वडा नं. १ हाल, पोखरा वडा नं. १४ बस्ने **विमला श्रेष्ठ** (ना.प्र.नं. : ४६-०१-७३-०२२८० जारी मिति र जिल्ला : २०७३/०२/२५, कास्की)

**यसअघि प्रकाशित गरिएको सूचनाको विवरण :**
१) मिति २०८१/०८/१८ को आर्थिक दैनिक राष्ट्रिय पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको ।
२) मिति २०८१/११/०१ को नेपाल समाचारपत्र राष्ट्रिय दैनिक पत्रिकामा धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी २१ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको ।

**धितो सुरक्षण सम्बन्धी विवरण :** निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| धनीको नाम | धितो ठेगाना | सिट नं. | कित्ता नं. | क्षेत्रफल (रोपनी) |
|---|---|---|---|---|
| विमला श्रेष्ठ | कास्की जिल्ला लहाचोक वडा नं. २ | ०९३०५९५ | ९०१ | १-३-१-२ |

**शर्त बन्देजहरु :**

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ दिन अर्थात मिति २०८२/०२/२७ गते मंगलबार भित्र यस बैंकको शाखा कार्यालय नदिपुर आईपुग्ने गरि पेश गर्नुपर्ने छ।
२) बोलपत्र फाराममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ।
३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ।
४) प्राप्त बोलपत्रहरु मिति २०८२/०२/२८ गते बुधबार दिउसो ३:०० बजे यस बैंकको शाखा कार्यालय नदिपुर मा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ। बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।
५) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ।
६) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ।
७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ।

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**
Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No.: 16600149999
E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

## गरिमा म्युचूअल फण्ड
अन्तर्गत सञ्चालित बन्दमुखी योजना
## गरिमा समृद्धि योजना

धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा सामूहिक लगानी कोष नियमावली, २०६७ बमोजिम नेपाल धितोपत्र बोर्डबाट २०८१/०८/०५ मा योजना सञ्चालन अनुमति प्राप्त २०८१/०९/१८ देखि २०९१/०९/१७ सम्म अवधि भएको १० वर्षे योजना

**२०८२ वैशाख मसान्तको खुद सम्पति मूल्य सम्बन्धी विवरण**

| क्र.सं. | विवरण | वैशाख मसान्त २०८२ रकम (रु.) | चैत मसान्त २०८१ रकम (रु.) |
|---|---|---|---|
| | **(क) धितोपत्र तथा अन्य क्षेत्रमा लगानी** | | |
| १ | सूचीकृत शेयर | ९४८,४४२,३०६.४७ | ७१४,९०४,६२३.३६ |
| २ | ऋणपत्र | ५४८,५००.०० | ५३९,३६०.०० |
| ३ | हकप्रद शेयर/सार्वजनिक निष्काशन/बोनश शेयर | १९,६९७,५९४.५५ | १४,३५०,५७१.३१ |
| ४ | मुद्दती निक्षेप | १८०,०००,०००.०० | १८०,०००,०००.०० |
| | **कुल लगानी (क)** | **१,१४८,६८८,४०१.०२** | **९०९,७९४,५५४.६७** |
| | **(ख) चालु सम्पत्ति** | | |
| १ | बैंक मौज्दात | ११०,४१४,८३६.७७ | ३३१,९२८,५३७.६६ |
| २ | अन्य सम्पत्ति | ४९,०००,८९६.६३ | १९,९९०,०९९.६९ |
| | **जम्मा (ख)** | **१५९,४१५,७३३.४१** | **३५१,९१८,६३७.३५** |
| | **(ग) चालु दायित्व** | | |
| १ | भुक्तानी दिनुपर्ने शुल्क | ३०,४८५,९३९.०० | १२,८७२,३३०.०९ |
| २ | अन्य चालु दायित्व | १००,९१०.८८ | १३९,२५६.९८ |
| | **जम्मा (ग)** | **३०,५८६,८४९.८८** | **१३,०११,५८७.०७** |
| | **कुल सम्पत्ति (क+ख-ग)** | **१,२७७,५१७,२८४.५५** | **१,२४८,७०१,६०४.९५** |
| १ | योजना व्यवस्थापक शुल्क | १,६२०,७४१.३५ | ४,६४०,००८.१६ |
| २ | डिपोजिटरी शुल्क | २१६,०९८.८५ | ६१८,६६७.७६ |
| ३ | कोष सुपरिवेक्षक शुल्क | २१६,०९८.८७ | ५९४,६६७.७६ |
| | **खुद सम्पत्ति** | **१,२७५,४६४,३४५.४८** | **१,२४२,८४८,२९१.२७** |
| | जम्मा जारी इकाई संख्या | १२५,०००,०००.०० | १२५,०००,०००.०० |
| | **प्रति इकाई खुद सम्पत्ति मूल्य** | **१०.२०** | **९.९४** |

**२०८२ वैशाख मसान्तको आय व्यय विवरण**

| क्र.सं. | विवरण | वैशाख मसान्त २०८२ रकम (रु.) | चैत मसान्त २०८१ रकम (रु.) |
|---|---|---|---|
| | **आम्दानी** | | |
| १ | प्राप्त भइसकेको आम्दानी/(नोक्सान) | ३८,३४६,०२३.०४ | १८,८८५,८३८.६८ |
| २ | प्राप्त भइनसकेको आम्दानी/(नोक्सान) | ७,५०७,०५२.३० | (९,४९१,१६४.२९) |
| | **जम्मा आम्दानी** | **४५,८५३,०७५.३४** | **९,३९४,६७४.३९** |
| | **खर्च** | | |
| १ | पूर्व सञ्चालन खर्च | ४,०५४,३७७.८० | ४,०५४,३७७.८० |
| २ | योजना व्यवस्थापक शुल्क | ६,८७७,८६४.२७ | ५,२५५,१२२.९२ |
| ३ | डिपोजिटरी शुल्क | ९१६,७८१.९१ | ७००,६८३.०६ |
| ४ | कोष सुपरिवेक्षक शुल्क | ९१६,७८१.९२ | ७००,६८३.०६ |
| ५ | सूचना प्रकाशन शुल्क | ५६,२१८.०० | ४५,३०२.०० |
| ६ | अभौतिकरण शुल्क (सिडिएससी) | १,०७७,६२४.०० | १,०७७,६२४.०० |
| ७ | नेप्से सूचिकरण शुल्क | १६५,०००.०० | १६५,०००.०० |
| ८ | धितोपत्र दलाल कमिशन तथा कारोवार शुल्क | ६,२७५,२२३.९६ | ४,५४७,६२१.०८ |
| ९ | सफ्टवेयर शुल्क | ५०,८५०.०० | - |
| | **जम्मा खर्च** | **२०,३८८,७२९.८६** | **१६,५४६,४११.९२** |
| | **कुल नाफा/(नोक्सान)** | **२५,४६४,३४५.४८** | **(७,१५१,७३८.७२)** |

नोट:
१. सूचीकृत तथा सूचीकृत नभएको शेयर तथा डिबेन्चर गरी योजनाले २०८२ वैशाख मसान्तसम्म गरेको लगानीको परल मूल्य (धितोपत्र दलाल कमिशन, कारोवार शुल्क बाहेक) रु. ९६२,४२६,४३१.९२ रहेको छ ।
२. सामूहिक लगानी कोष नियमावली, २०६७ तथा सामूहिक लगानी कोष निर्देशिका, २०६९ को अधिनमा रही योजना व्यवस्थापकले अवलम्बन गरेको मूल्याङ्कन नीति बमोजिम योजनाको लगानी मूल्याङ्कन गरिएको छ ।
३. योजनाको प्रति इकाई खुद सम्पत्ति मूल्य साप्ताहिक रुपमा योजना व्यवस्थापकको वेबसाइट www.garimacapital.com मार्फत सार्वजनिक गरिएको छ ।
४. अपरिष्कृत वित्तीय विवरणमा पेश भएका विवरण उपर नियमन निकायबाट परिवर्तनका लागि केही निर्देशन भएमा सोही बमोजिम परिवर्तन हुन सक्नेछ ।

**सूचीकृत धितोपत्रमा भएको लगानी विवरण**

| क्र.सं. | विवरण | संख्या (कित्ता) | जम्मा मूल्य (रु.) |
|---|---|---|---|
| | **(क) वाणिज्य बैंक समूह** | | |
| १. | एनएमबि बैंक लिमिटेड | ६७,०००.०० | १५,८०२,६२०.०० |
| २. | माछापुच्छ्रे बैंक लिमिटेड | ६२,५००.०० | १३,२२१,८७५.०० |
| ३. | नेपाल एसबिआई बैंक लिमिटेड | ६०,०००.०० | २२,५२९,४००.०० |
| ४. | सानिमा बैंक लिमिटेड | ४८,५००.०० | १४,८१६,७५०.०० |
| | **जम्मा** | **२,३८,०००.००** | **६६,३७०,६४५.००** |
| | **(ख) विकास बैंक समूह** | | |
| १. | कामना सेवा विकास बैंक लिमिटेड | ३२,०००.०० | १४,४९३,४४०.०० |
| २. | शाइन रेसुङ्गा विकास बैंक लिमिटेड | २८,५००.०० | ११,८१५,५३०.०० |
| | **जम्मा** | **६०,५००.००** | **२६,३०८,९७०.००** |
| | **(ग) जीवन बीमा कम्पनी समूह** | | |
| १. | हिमालयन लाइफ इन्स्योरेन्स लिमिटेड | ४८,९१२.०० | १९,११२,५६४.३२ |
| २. | नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड | ४८,०२९.०० | ३६,२१५,३०६.८७ |
| ३. | सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड | ३०,७६४.०० | १४,६७७,५०४.४० |
| ४. | रिलायबल नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड | ३०,०००.०० | १४,९६४,३००.०० |
| ५. | एशियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड | २८,५००.०० | २०,५५६,११५.०० |
| ६. | सन नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड | २७,०००.०० | १३,३३३,९५०.०० |
| ७. | क्रेस्ट लाइफ इन्स्योरेन्स लिमिटेड | ७,०३१.०० | १४,५२७,१००.६५ |
| | **जम्मा** | **२२०,२३६.००** | **१३४,१८६,९२१.२४** |
| | **(घ) निर्जीवन बीमा कम्पनी समूह** | | |
| १. | सिद्धार्थ प्रिमियर इन्स्योरेन्स कम्पनी लिमिटेड | ३१,३९८.०० | २५,०६६,९०७.२८ |
| २. | नेको इन्स्योरेन्स कम्पनी लिमिटेड | २५,०००.०० | १७,४३९,०००.०० |
| ३. | हिमालयन एभरेष्ट इन्स्योरेन्स कम्पनी लिमिटेड | २३,९०६.०० | १३,५५९,२४४.१४ |
| ४. | एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेड | २०,०००.०० | १५,३८५,६००.०० |
| ५. | प्रभु इन्स्योरेन्स कम्पनी लिमिटेड | ११,३१२.०० | ९,८१९,७२०.९६ |
| ६. | नेपाल माइक्रो इन्स्योरेन्स कम्पनी लिमिटेड | ७,०३१.०० | १४,६३१,६५१.६२ |
| | **जम्मा** | **११८,६४७.००** | **९५,९०२,१२४.००** |
| | **(ङ) हाइड्रोपावर कम्पनी समूह** | | |
| १. | राधी विद्युत कम्पनी लिमिटेड | १२४,२०१.०० | ८८,७७८,८७४.८० |
| २. | अपि पावर कम्पनी लिमिटेड | ९०,०००.०० | २६,६१८,४००.०० |
| ३. | सानिमा माई हाइड्रोपावर लिमिटेड | ५३,७०२.०० | ३०,६७२,४३४.३२ |
| ४. | साहस उर्जा लिमिटेड | ४८,७३१.०० | २४,९६६,८४०.५४ |
| ५. | सामीङ्ग पावर कम्पनी लिमिटेड | २८,०२८.०० | १४,७२०,०२५.३२ |
| ६. | ढाली ग्रुप पावर लिमिटेड | २२,३२७.०० | ८,२३०,१७८.७४ |
| ७. | मकर जितुमाया सुरि हाइड्रोपावर लिमिटेड | २२,२००.०० | १४,६६६,८७४.०० |
| ८. | रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेड | २०,२११.०० | ७,७७०,७२५.२८ |
| ९. | हिमालयन पावर पार्टनर लिमिटेड | १४,७४०.०० | ७,४७२,१४८.२० |
| १०. | नेङ्गधुम पावर कम्पनी लिमिटेड | ११,८०२.०० | ६,८२२,८५४.२२ |
| ११. | ग्रीन भेन्चर्स लिमिटेड | १०,०००.०० | ४,४४४,०००.०० |
| ११. | मैलुङ खोला जलविद्युत कम्पनी लिमिटेड | १,५००.०० | ७२२,२५५.०० |
| | **जम्मा** | **४४७,४४२.००** | **२३५,८८५,५९०.४२** |
| | **(च) लघुवित्त वित्तीय संस्था समूह** | | |
| १. | स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेड | १८,७५१.०० | १५,६८६,३३६.५६ |
| २. | साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड | १५,३००.०० | १२,११०,७१५.०० |
| | **जम्मा** | **३४,०५१.००** | **२७,७९७,०५१.५६** |
| | **(छ) होटल्स तथा पर्यटन समूह** | | |
| १. | सोल्टी होटल लिमिटेड | ३०,०२०.०० | १५,८८८,०८५.०० |
| | **जम्मा** | **३०,०२०.००** | **१५,८८८,०८५.००** |
| | **(ज) उत्पादन तथा प्रशोधन समूह** | | |
| १. | हिमालयन डिष्टिलरी लिमिटेड | २७,७००.०० | ३३,६०८,९६४.०० |
| २. | शिवम् सिमेन्ट लिमिटेड | २२,४१०.०० | ११,८०८,२२६.५० |
| ३. | घोराही सिमेन्ट लिमिटेड | २०,०००.०० | १०,०५४,०००.०० |
| ४. | सर्वोत्तम सिमेन्ट लिमिटेड | ७,५००.०० | ६,३९६,८२५.०० |
| ५. | ओम मेगाश्री फर्मास्युटिकल्स लिमिटेड | ५,६२५.०० | ३,२५३,५००.०० |
| | **जम्मा** | **८३,२३५.००** | **६५,१०५,५१५.५०** |
| | **(झ) लगानी समूह** | | |
| १. | नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेड | ६७,४००.०० | १८,५९३,६३८.०० |
| २. | हाइड्रोइलेक्ट्रिसिटि इन्भेष्टमेन्ट एण्ड डेभेलपमेन्ट कम्पनी लिमिटेड | ५९,५२५.०० | १७,०१४,०३०.७५ |
| ३. | सिईडिबि होल्डिङ्ग्स लिमिटेड | २७,४००.०० | ६९,८००,२५४.०० |
| ४. | एन.आर.एन इन्फ्रास्ट्रक्चर एण्ड डेभलपमेन्ट लिमिटेड | २४,८००.०० | ५०,११०,८८०.०० |
| | **जम्मा** | **१७९,१२५.००** | **१५५,५२८,८०२.७५** |
| | **(ञ) संस्थापक शेयर समूह** | | |
| १. | हाइड्रोइलेक्ट्रिसिटि इन्भेष्टमेन्ट एण्ड डेभेलपमेन्ट क.लिमिटेड -संस्थापक समूह | १३६,६००.०० | २६,६८८,९०८.०० |
| | **जम्मा** | **१३६,६००.००** | **२६,६८८,९०८.००** |
| | **(ट) अन्य समूह** | | |
| १. | हिमालयन रिइन्स्योरेन्स लिमिटेड | ४५,०००.०० | ४३,३०९,८००.०० |
| २. | नेपाल रिइन्स्योरेन्स कम्पनी लिमिटेड | ४४,७००.०० | ५४,६३१,८९३.०० |
| | **जम्मा** | **८९,७००.००** | **९७,९४१,६९३.००** |
| | **ठ) सामूहिक लगानी कोष समूह** | | |
| १. | एनएमबि हाइब्रिड फण्ड L-2 | १००,०००.०० | ८४१,०००.०० |
| | **जम्मा** | **१००,०००.००** | **८४१,०००.००** |
| | **जम्मा (क+ख+ग+घ+ङ+च+छ+ज+झ+ञ+ट+ठ)** | **१,७३७,५५६.००** | **९४८,४४२,३०६.४७** |

**कोष प्रवर्द्धक**
गरिमा विकास बैंक लिमिटेड
Garima Bikas Bank Limited
लाजिम्पाट, काठमाडौं
ईमेल: info@garimabank.com.np
वेबसाईट : www.garimabank.com.np

**योजना व्यवस्थापक तथा डिपोजिटरी**
गरिमा क्यापिटल लिमिटेड
GARIMA CAPITAL LIMITED
कमलादी, काठमाडौं
ईमेल: info@garimacapital.com
वेबसाईट : www.garimacapital.com